# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College
*"...devoted to making differences positively."*


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ काठमाडौं
दर्ता ९६०५९
२०७७/९/१६

प.सं. PSTD/CIST

च.नं. २८२/०७७-०७८

मितिः २०७७/०९/१०

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
रामशाहपथ, काठमाडौं।

**विषयः सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी मनोनयन**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ प्रतिष्ठानले संचालन गर्दै आएको Professional Course on Management and Development (PCMD) विषयक प्रशिक्षण कार्यक्रम आ.व. २०७७/७८ को वार्षिक कार्यतालिका अनुरूप माघ महिनादेखि तपसिल बमोजिम संचालन हुने व्यहोरा जानकारी गराउँदछु। अधिकृतहरुको मूलभूत सक्षमता (core competencies) मा आधारित यस तालिम कार्यक्रम COVID-19 को विशेष परिस्थितिका कारण अनलाइन मोडालिटीमा समेत संचालन हुनेगरी तय गरिएको व्यहोरा समेत अवगत गराउन चाहन्छु। उक्त तालिम कार्यक्रमको अनलाइन सेसनमा सहभागी हुनेगरी तहाँबाट २ वटा कार्यक्रमको लागि जम्मा २ जना तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुको मनोनयन सचिव/विशिष्ट श्रेणीको अधिकृतस्तरबाट गराई उल्लेखित समयतालिकामा तालिम लिन चाहेको मिति र सोको लागि मनोनित कर्मचारीहरुको नामावली मनोनयन फारम सहित मिति २०७७/०९/२४ गतेसम्म उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। प्राप्त मनोनयनको स्वीकृति निम्नानुसार हुने व्यहोरा अनुरोध छ।

| क्र.सं. | मिति | जम्मा |
|---|---|---|
| १. | २०७७ माघ ०५ गतेदेखि ३० कार्यदिन | १ जना |
| २. | २०७७ माघ २६ गतेदेखि ३० कार्यदिन | १ जना |

**मनोनयनका आधारहरु र सम्बन्धीत व्यवस्था :**

१. मनोनित कर्मचारीको हालको तह/श्रेणीमा २०७७ मङ्सिर मसान्तसम्म न्युनतम ३ वर्षको सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
२. हालको तह/श्रेणीमा ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिइसकेका कर्मचारीहरु मनोनयनका लागि योग्य हुने छैनन्।
३. एउटा समूह (तालिम कार्यक्रम) मा अधिकतम ३० जना अधिकृतहरु समावेश गरिनेछ।
४. मनोनयन गर्दा संलग्न तालिका बमोजिमको कुन समूहमा सहभागी हुने हो सो खुलाई पठाउनुपर्नेछ।
५. मनोनयनको स्वीकृति गर्दा द्विविधा भएमा ज्येष्ठतालाई आधार लिइनेछ।
६. तोकिएको मितिपछि प्राप्त हुन आएको मनोनयनमाथि कारवाही गरिनेछैन।
७. मनोनयन फारम प्रतिष्ठानको वेबसाइट www.nasc.org.np मा राखिएको छ। सम्बन्धित उम्मेद्वारले प्रतिष्ठानको वेबसाइटमा राखिएको Updates मेनु भित्र Downloadable Forms मा गएर Long Training Nomination Form लिंकमा क्लिक गरी मनोनयन फारम डाउनलोड गर्न सक्नेछन्।
८. वैकल्पिक उम्मेद्वारहरुको व्यवस्था रहेको छैन। तसर्थ, तोकिएको संख्या भन्दा बढी र वैकल्पिक भनी उल्लेख भएको मनोनयन माथि कारवाही गरिने छैन्।
९. मनोनयन स्वीकृतिको अधिकार प्रतिष्ठानमा रहनेछ। मनोनयन स्वीकृतिको जानकारी प्रतिष्ठानको सूचना पाटी तथा वेबसाइट www.nasc.org.np मा राखिनेछ।
१०. मनोनित कर्मचारीहरुको नामावली मनोनयन फारम सहित प्रतिष्ठानको इमेल pcmd@nasc.org.np मा समेत पठाउन सकिनेछ।

अनुप भुर्तेल
प्रशिक्षण तथा अनुसन्धान अधिकृत
मोबाइल - ९८६०७०६१०१

उपरोक्त तालिममा भाग लिन इच्छुक अधिकृतहरुले पत्र मन्त्रालयको आन्तरिक प्रशासन महाशाखामा २०७७/९/२२ गते भित्र पेश गर्नुहुन।


जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्सः ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np